# अर्जुनचौपारी गाउँपालिका

## गाउँ कार्यपालिकाको बैठक

बैठक सं. ५४
मितिः २०८३/०२/२०

__एजेण्डाहरुः__

१. समीक्षा सम्बन्धमा।

२. अर्जुनचौपारी गाउँपालिका गाउँ सभाको १९ औं अधिवेशन सम्बन्धमा।

३. आगामी आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रम निर्माण सम्बन्धमा।

४. आगामी आर्थिक वर्ष २०८३/०८४ को बजेट निर्माण सम्बन्धमा।

५. विषयगत समितिको प्रतिवेदन सम्बन्धमा।

६. अर्जुनचौपारी गाउँपालिकाको कार्यसञ्चालन निर्देशिका, २०८३ सम्बन्धमा।

७. अर्जुनचौपारी गाउँपालिकाको केही ऐन संशोधन सम्बन्धमा।

८. नवग्रह मन्दिर धार्मिक विशेष क्षेत्र संरक्षण ऐन, २०८३ सम्बन्धमा।

९. अर्जुनचौपारी गाउँपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि,२०७७ संशोधन सम्बन्धमा।

१०. अर्जुनचौपारी गाउँपालिकाको टेम्पो, अटोरिक्सा व्यवस्थापन कार्यविधि, २०८३ सम्बन्धमा।

११. बालश्रम मुक्त पालिका घोषणा सम्बन्धमा।

१२. विविध।

**निर्णय नं. १**

प्रस्ताव नं. १ माथि छलफल गर्दा अर्जुनचौपारी गाउँपालिका भित्रका ६ वटा सामुदायिक माध्यमिक विद्यालयहरू तथा १ वटा संस्थागत माध्यमिक विद्यालयका विद्यार्थी एवम् शिक्षकहरूलाई प्रदान गरिएको कृत्रिम बुद्धिमत्ता (AI) सम्बन्धी तालिम प्रभावकारी, उपलब्धिमूलक तथा समसामयिक रहेको पाइएकाले यसबाट विद्यार्थी तथा शिक्षकहरूमा सूचना प्रविधिप्रतिको समझ, नवप्रवर्तनशील सोच तथा डिजिटल सीप अभिवृद्धिमा उल्लेखनीय सकारात्मक परिणाम हासिल भएको हुँदा आगामी आर्थिक वर्षमा समेत आवश्यक बजेट तथा स्रोत व्यवस्थापन गरी यस्ता प्रविधिमैत्री, सीपमूलक तथा क्षमता अभिवृद्धि कार्यक्रमहरूलाई निरन्तरता प्रदान गरी थप विद्यालयहरूमा समेत कृत्रिम बुद्धिमत्ता (AI) सम्बन्धी तालिम सञ्चालन गर्ने सर्वसम्मत निर्णय गरियो।

धन बहादुर गुरुङ
प्रवक्ता

# अर्जुनचौपारी गाउँपालिका

## गाउँ कार्यपालिकाको बैठक

बैठक सं. ५४

मितिः २०८३/०२/२०

**निर्णय नं. २**

प्रस्ताव नं. २ माथि छलफल गर्दा अर्जुनचौपारी गाउँपालिका गाउँ सभाको १९ औं अधिवेशन अन्तर्गत मिति २०८३/०३/०५ गते आगामी आर्थिक वर्ष २०८३/०८४ को वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत एवं छलफल गर्ने तथा मिति २०८३/०३/०८ र २०८३/०३/०९ गते बजेट अधिवेशन भव्य र सभ्य रूपमा सम्पन्न गर्न आवश्यक पूर्वतयारी, बजेट तथा कार्यक्रम तर्जुमा, आवश्यक कागजात तयारी, सूचना प्रकाशन, सभास्थल व्यवस्थापन लगायतका प्रशासनिक तथा प्राविधिक कार्यहरू प्रमुख प्रशासकीय अधिकृतको समन्वयमा सम्बन्धित शाखा प्रमुख तथा कर्मचारीहलाई जिम्मेवारी प्रदान गर्ने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. ३**

प्रस्ताव नं. ३ माथि छलफल गर्दा अर्जुनचौपारी गाउँपालिकाको आगामी आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रम निर्माणको लागि अर्जुनचौपापरी गाउँपालिका भित्रका सरोकारवाला निकाय/व्यक्तिहरुसँग आवश्यक सुझाव संकलन गरी नीति तथा कार्यक्रमको खाका तयार गर्ने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. ४**

प्रस्ताव नं. ४ माथि छलफल गर्दा अर्जुनचौपारी गाउँपालिकाको आगामी आर्थिक वर्ष २०८३/०८४ को बजेट निर्माण प्रक्रिया प्रभावकारी रूपमा अगाडि बढाउनका लागि सम्बन्धित विषयगत समितिहरूको बैठक बसी बैठकमार्फत नीति, योजना तथा कार्यक्रमहरूको प्रारम्भिक खाका तयार गरी गाउँ कार्यपालिकामा पेश गर्ने व्यवस्था मिलाउने र सबै समितिहरूबीच समन्वयमा गरी बजेट निर्माण प्रक्रिया पारदर्शी, समावेशी तथा आवश्यकता आधारित हुने गरी अघि बढाउने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. ५**

प्रस्ताव नं. ५ माथि छलफल गर्दा गाउँपालिकाका सम्पूर्ण विषयगत समितिहरूबाट पेश भएका प्रतिवेदनहरू माथि आवश्यक छलफल गरी प्रतिवेदनमा उल्लेख भएका सुझाव, निष्कर्ष तथा सिफारिसहरूलाई आगामी आर्थिक वर्ष २०८३/०८४ को नीति, कार्यक्रम तथा बजेट तर्जुमा प्रक्रियामा समावेश गर्ने सर्वसम्मत निर्णय गरियो।

धन बहादुर गुरुङ
प्रवक्ता

# अर्जुनचौपारी गाउँपालिका

## गाउँ कार्यपालिकाको बैठक

बैठक सं. ५४
मितिः २०८३/०२/२०

**निर्णय नं. ६**

प्रस्ताव नं. ६ माथि छलफल गर्दा अर्जुनचौपारी गाउँपालिकाको प्रशासनिक, आर्थिक तथा संस्थागत कार्यसम्पादनलाई थप व्यवस्थित, प्रभावकारी, पारदर्शी र उत्तरदायी बनाउन तयार गरिएको अर्जुनचौपारी गाउँपालिकाको कार्यसञ्चालन निर्देशिका, २०८३ स्वीकृत गरी कार्यान्वयनमा ल्याउने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. ७**

प्रस्ताव नं. ७ माथि छलफल गर्दा समयानुकूल परिमार्जन, प्रचलित कानुनी व्यवस्था तथा संवैधानिक प्रावधानसँग सामञ्जस्य कायम गर्न अर्जुनचौपारी गाउँपालिकाका केही प्रचलित ऐनहरूमा आवश्यक संशोधन गर्नुपर्ने देखिएकाले सो सम्बन्धी संशोधन विधेयक तयार गरी स्वीकृतिका लागि अर्जुनचौपारी गाउँसभाको १९ औं अधिवेशनमा पेश गर्ने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. ८**

प्रस्ताव नं. ८ माथि छलफल गर्दा अर्जुनचौपारी गाउँपालिका क्षेत्रभित्र अवस्थित नेपालकै पहिलो नवग्रह मन्दिरको धार्मिक, सांस्कृतिक, ऐतिहासिक, पर्यटन प्रवर्द्धनक एवम् संरक्षण, संवर्द्धन तथा व्यवस्थापन गर्ने उद्देश्यले तयार गरिएको नवग्रह मन्दिर धार्मिक विशेष क्षेत्र संरक्षण ऐन, २०८३ स्वीकृतिका लागि अर्जुनचौपारी गाउँसभाको १९ औं अधिवेशनमा पेश गर्ने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. ९**

प्रस्ताव नं. ९ माथि छलफल गर्दा गाउँपालिकाको सेवा प्रवाहलाई थप प्रभावकारी, व्यवस्थित बनाउन अर्जुनचौपारी गाउँपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७७ लाई आवश्यक संशोधन गरी कार्यान्वयनमा ल्याउने सर्वसम्मत निर्णय गरियो।

धन बहादुर गुरुङ
प्रवक्ता

# अर्जुनचौपारी गाउँपालिका

## गाउँ कार्यपालिकाको बैठक

बैठक सं. ५४

मितिः २०८३/०२/२०

**निर्णय नं. १०**

प्रस्ताव नं. १० माथि छलफल गर्दा अर्जुनचौपारी गाउँपालिका क्षेत्रभित्र सञ्चालन हुने टेम्पो तथा अटोरिक्साहरूको सञ्चालन, नियमन, व्यवस्थापन तथा सेवा प्रवाहलाई सुरक्षित, व्यवस्थित, प्रभावकारी र यात्रुमैत्री बनाउन अर्जुनचौपारी गाउँपालिकाको टेम्पो तथा अटोरिक्सा व्यवस्थापन कार्यविधि, २०८३ स्वीकृति गरी कार्यान्वयनमा ल्याउने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. ११**

प्रस्ताव नं. ११ माथि विस्तृत छलफल गर्दा अर्जुनचौपारी गाउँपालिकालाई बालश्रम मुक्त पालिका घोषणा गर्न आवश्यक निर्धारित सम्पूर्ण मापदण्ड, सूचक तथा पूर्वशर्तहरू पूरा भएको भनी सम्पूर्ण वडाहरूबाट सिफारिस प्राप्त भएकाले सोको यथार्थ अवस्था पुष्टि गर्न स्थानीय समन्वय समितिबाट सम्पूर्ण वडाहरूको स्थलगत अनुगमन प्रतिवेदन १५ दिनभित्र पेश गर्न निर्देशन दिने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. १२**

प्रस्ताव नं. १२ (क) माथि छलफल गर्दा महिलाहरू तथा किशोरीहरूको महिनावारी स्वास्थ्य, सरसफाइ तथा सुरक्षित व्यवस्थापन सम्बन्धी ज्ञान, सीप र सचेतना अभिवृद्धि गर्ने उद्देश्यले पुनःप्रयोग गर्न मिल्ने स्यानिटरी प्याड निर्माण तालिम तथा महिनावारी स्वास्थ्य व्यवस्थापन सचेतना कार्यक्रम सञ्चालन गर्ने र उक्त कार्यक्रम सञ्चालनका लागि कार्यक्रम खर्च शीर्षक नं. २२५२२ बाट व्यहोर्ने गरी आवश्यक व्यवस्था मिलाउने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. १२**

प्रस्ताव नं. १२ (ख) माथि छलफल गर्दा अर्जुनचौपारी गाउँपालिका वडा नं. ५ निवासी रन्जिते सुनाको छोरा ना.प्र. नं. ३५४९ का रत्न बहादुर सुनार उपचारको क्रममा दुःखद निधन भएको साथै निजको परिवारको आर्थिक अवस्था कमजोर भएको हुँदा निजको काजकिरियाका लागि आर्थिक सहयोग उपलब्ध गरिदिनु हुन भनी सम्बन्धित वडा कार्यालयबाट सिफारिस प्राप्त भएकोले निजको काजकिरियाका लागि शैक्षिक संस्था, गैर सरकारी संस्था, धार्मिक तथा सांस्कृतिक र अन्य सहायता सम्बन्धी कार्यविधि, २०७६ बमोजिम उद्धार, राहत तथा पुनःस्थापना शीर्षकबाट रू. १५,००० (अक्षरेपी रू. पन्ध्र हजार मात्र) आर्थिक सहयोग प्रदान गर्ने सर्वसम्मत निर्णय गरियो।

धन बहादुर गुरुङ
प्रवक्ता

# अर्जुनचौपारी गाउँपालिका

## गाउँ कार्यपालिकाको बैठक

बैठक सं. ५४

मितिः २०८३/०२/२०

**निर्णय नं. १२**

प्रस्ताव नं. १२ (ग) माथि छलफल गर्दा अर्जुनचौपारी गाउँपालिकाको शिक्षा क्षेत्रको समग्र विकास, शैक्षिक गुणस्तर अभिवृद्धि, शैक्षिक सुशासन प्रवर्द्धन तथा शिक्षा सम्बन्धी नीति, योजना कार्यक्रम एवम् गतिविधिहरूको प्रभावकारी कार्यान्वयनमा सहयोग पुऱ्याउने उद्देश्यले अर्जुनचौपारी गाउँपालिका वडा नं. १ निवासी श्री मोहन बहादुर अधिकारीलाई अर्जुनचौपारी गाउँपालिका शिक्षा ऐन, २०८१ परिच्छेद ३ को दफा १६(घ) बमोजिम गाउँ शिक्षा समितिको सदस्य पदमा मनोनयन गर्ने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. १२**

प्रस्ताव नं. १२ (घ) माथि छलफल गर्दा अर्जुनचौपारी गाउँपालिका वडा नं. १ स्थित गुरुङ च्यानडाँडा मर्मतका लागि सम्बन्धित समितिबाट निवेदन पेश भएको साथै उक्त संरचना मर्मत गर्न आवश्यक देखिएको हुँदा सो कार्य सम्पन्न गर्न मर्मत सम्भार कोष शीर्षकबाट रु. ५५,०००/- (अक्षरूपी पचपन्न हजार रुपैयाँ मात्र) विनियोजन गर्ने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. १२**

प्रस्ताव नं. १२ (ङ) माथि छलफल गर्दा अर्जुनचौपारी गाउँपालिकाको विद्यालयमा पठन सीप विकास कार्यक्रमअन्तर्गत काले कृष्ण बाल कथा एवम् अर्जुनचौपारी बाल कथा चित्राङ्कन कार्य सम्पन्न गरेबापत काठमाडौं महानगरपालिका वडा नं. १३ निवासी श्री सुरभी तण्डुकार र काठमाडौं महानगरपालिका वडा नं. ११, थापाथली निवासी श्री अग्रीमा राज लक्ष्मी राणालाई विद्यालयमा पठन सीप विकास कार्यक्रम शीर्षकबाट प्रति व्यक्ति रु. २५,०००/- (अक्षरूपी पच्चीस हजार रुपैयाँ मात्र) का दरले पारिश्रमिक उपलब्ध गराउने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. १२**

प्रस्ताव नं. १२ (च) माथि छलफल गर्दा अर्जुनचौपारी गाउँपालिका वडा नं. १ र वडा नं. २ जोड्ने केवरे खोला झोलुङ्गे पुल जीर्ण भई आवतजावत गर्न जोखिम उत्पन्न भएको तथा उक्त झोलुङ्गे पुलको मर्मत कार्य तत्काल सम्पन्न गर्नुपर्ने भनी गाउँपालिका विपद् व्यवस्थापन समितिबाट सिफारिस भई आएको हुँदा उक्त झोलुङ्गे पुलको आवश्यक मर्मत कार्य गर्न प्राविधिकद्वारा तयार गरिएको लागत अनुमान (इस्टिमेट) बमोजिम सम्पन्न गरी निर्मित सार्वजनिक

धन बहादुर गुरुङ
प्रवक्ता

# अर्जुनचौपारी गाउँपालिका

## गाउँ कार्यपालिकाको बैठक

बैठक सं. ५४

मितिः २०८३/०२/२०

सम्पत्तिको मर्मत सम्भार खर्च शीर्षकबाट लागत अनुमान अनुसारको रकम भुक्तानी गर्ने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. १२**

प्रस्ताव नं. १२ (छ) माथि छलफल गर्दा अर्जुनचौपारी गाउँपालिका वडा नं. ३ निवासी (ना.प्र.नं. ४२३०४९/४४६) पार्वती काफ्ले भेडापालन व्यवसाय सञ्चालन एवम् खोर व्यवस्थापनका लागि आर्थिक सहायता उपलब्ध गराइदिन भनी सम्बन्धित वडा कार्यालयबाट सिफारिस पेश गरेको हुँदा निजलाई भेडापालन व्यवसाय प्रवर्द्धनमा सहयोग पुऱ्याउन अन्य सामाजिक सहायता शीर्षकबाट रु. १०,०००/- (अक्षरूपी दश हजार रुपैयाँ मात्र) आर्थिक सहयोग उपलब्ध गराउने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. १२**

प्रस्ताव नं. १२ (ज) माथि छलफल गर्दा पुतलीबजार नगरपालिका वडा नं. १ स्थित स्याङ्जा युथ क्लबको आयोजना मिति २०८३ बैशाख १२ गते त्रिभुवन आदर्श नमुना माध्यमिक विद्यालयको प्राङ्गणमा विशेषज्ञ सहितको निःशुल्क स्वास्थ्य शिविर सञ्चालन गरेको हुँदा उक्त संस्थालाई शैक्षिक संस्था, गैर सरकारी संस्था, धार्मिक तथा सांस्कृतिक र अन्य सहायता सम्बन्धी कार्यविधि, २०७६ बमोजिम धार्मिक तथा अन्य संङ्घ संस्था सहयोग शीर्षकबाट रु. १०,०००/- (दश हजार मात्र) आर्थिक सहयोग प्रदान गर्ने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. १२**

प्रस्ताव नं. १२ (झ) माथि छलफल गर्दा अर्जुनचौपारी गाउँपालिकाको आर्थिक वर्ष २०८२/०८३ को स्वीकृत वार्षिक नीति तथा कार्यक्रम अन्तर्गत गाउँपालिका क्षेत्रभित्र विभिन्न रुटहरूमा सञ्चालन हुने सार्वजनिक तथा निजी सवारी साधन (जिप, टेम्पो, ट्याक्टर, बस तथा टिपर) का चालक तथा सह-चालकहरूको प्रति व्यक्ति रु. १०,००,०००।- (अक्षरेपी दस लाख रुपैयाँ मात्र) बराबरको दुर्घटना बीमा कार्यक्रम सञ्चालन गर्ने तथा सो कार्यक्रमका लागि आवश्यक बीमा शुल्क बीमा तथा नवीकरण शीर्षकबाट भुक्तानी सर्वसम्मत निर्णय गरियो।

धन बहादुर गुरुङ
प्रवक्ता

धन बहादुर गुरुङ
प्रवक्ता